# जाजरकोट भूकम्प





२०८० साल कार्तिक १७ (३ नोभेम्बर २०२३)

# जाजरकोट केन्द्रबिन्दु भएर गएका ४ म्यागिनट्यूड भन्दा माथिको भूकम्पहरु

(राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्र)

जाजरकोटमा अझै भूकम्प जाने क्रम जारी ।

| मिति | समय | रेक्टर | केन्द्रबिन्दु |
|---|---|---|---|
| २०८० कार्तिक १८ | ०४ : १६ बिहान | ४.६ | जाजरकोट |
| २०८१ कार्तिक १८ | १२ : ३५ राती | ४.३ | जाजरकोट |
| २०८२ कार्तिक १८ | १२ : २९ राती | ४.२ | जाजरकोट |
| २०८३ कार्तिक १८ | १२ : ०८ राती | ४.५ | जाजरकोट |
| २०८४ कार्तिक १७ | ११ : ४७ राती | ६.४ | जाजरकोट |



# मिति २०८०/०७/१७ गते २३:४७ बजे जाजरकोटको रामी डाडा केन्द्र बिन्दु भएर ६:४ रेक्टर स्केलको भूकम्प जाँदा भएको क्षतिको विवरण
# (८: ५० को अपडेट)

प्रहरीसँगको विवरण अनुसार जाजरकोट र रूकुम पश्चिममा गरी १२८ जनाको मृत्यु भएको छ। त्यसमध्ये जाजरकोटका मात्र ९२ जना रहेका छन्।
(ताजा जानकारी)

मिति २०८०।०७।१८ गते विहान ०८:४० बजे सम्म प्राप्त

## भुकम्पबाट भएको क्षतिको विवरण

भुकम्प आएको मिति :- २०८०।०७।१७ गते ।

बेलुका ११:४६ मा ६.४ रेक्टर स्केल जाजरकोटको रामीडाँडा आसपास केन्द्रविन्दु

१. रुकुम पश्चिम

- मानवीय क्षति:-

  मृत्यु :- २८ जना ।

  घाईते :- ५३ जना ।

- भौतिक क्षति:-

  क्षतिको विवरण संकलन भईरहेको ।

२. जाजरकोट

- मानवीय क्षति:-

  मृत्यु :- ९२ जना ।

  घाईते :- ५५ जना ।

- भौतिक क्षति:-

  क्षतिको विवरण संकलन भईरहेको ।

कुल जम्मा

मत्यु :- ११९ जना ।

घाईते :- १०८ जना ।

- जिल्लाहरुबाट विस्तृत विवरण आउने क्रम जारी रहेको ।
- राहत तथा उद्धारका लागि सुरक्षा निकायको टोलि परिचालन भएको ।
- राहत सामाग्रीका लागि प्रदेश, जिल्ला र स्थानिय तह संग समन्वय भईरहेको ।
- अन्य जिल्लाहरुमा भएको क्षतिको विवरण संकलन भईरहेको ।
- सम्माननीय प्रधानमन्त्रिज्यू, चिकित्सक सहितको स्वास्थ्य टोलि घटना स्थल पुगिसक्नु भएको ।
- कर्णाली प्रदेश सुर्खेत बाट अलग अलग घटना स्थलमा स्वास्थ्य टोली पुगिसकेको ।

## मिति २०८०/०७/१७ गते २३:४७ बजे जाजरकोटको रामी डाडा केन्द्र बिन्दु भएर ६:४ रेक्टर स्केलको भूकम्प जाँदा भएको क्षतिको विवरण
## (८: ५० को अपडेट)

**प्रहरीसँगको विवरण अनुसार जाजरकोट र रूकुम पश्चिममा गरी १२८ जनाको मृत्यु भएको छ। त्यसमध्ये जाजरकोटका मात्र ९२ जना रहेका छन्।**
**(ताजा जानकारी)**

**घटनाको सारांश**

भुकम्प बाट क्षेती भएको बिवरण:- मिति २०८०।०७।१८ गते १०:०० बजे सम्म ।

| सिं.नं. | जिल्ला | मृत्यु | | | घाईते | | | बेपत्ता | | | धनमाल/भौतिक संरचना क्षेती | चौपाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | | | |
| १ | जाजरकोट | ६७ | २८ | ९५ | | | ५५ | | | | | | |
| २ | रुकुम पश्चिम | १३ | १८ | ३१ | २९ | ३१ | ६० | | | | | | |
| ३ | दैलेख | ० | ० | ० | ० | २ | २ | | | | २ वटा घर आंशिक क्षेती | | |
| ४ | सल्यान | | | | | | | | | | ३ वटा घर पुर्ण र ३५ वटा घर आंशिक क्षेती | | |
| ५ | सुर्खेत | | | | | | | | | | | | |
| ६ | जुम्ला | ० | ० | ० | २ | ३ | ५ | | | | केही घरहरु आंशिक क्षेती भएको । | | |
| ७ | हुम्ला | | | | | | | | | | | | |
| ८ | डोल्पा | | | | | | | | | | | | |
| ९ | मुगु | | | | | | | | | | | | |
| १० | कालिकोट | | | | | | | | | | | | |

**आगामी २४ घण्टाका लागि चेतावनी तथा परामर्श)Warning/Advisory for next 24 hours)**

देशका पहाडी भू-भागका एक-दुई स्थानमा मेघ गर्जन/चट्याङ्ग सहित हल्का वर्षाको सम्भावना रहेको छ। देशको उच्च पहाडी तथा हिमाली भू-भागका थोरै स्थानमा हल्का वर्षा /हिमपातको समेत सम्भावना रहेकोले त्यसबाट हुन सक्ने क्षतिबाट बच्न साथै दैनिक क्रमिक रुपमा तापक्रम घटिरहेको हुँदा आवश्यक सतर्कता अपनाउन हुन अनुरोध छ।

नोट: मौसम पूर्वानुमानमा प्रयोग हुने शब्दावली बारे बुझ्न यहाँ क्लिक गर्नुहोला।

# जाजरकोट भूकम्पले आवासीय घरमा भएको क्षति





# जाजरकोट भूकम्पले आवासीय घरमा भएको क्षति



# जाजरकोट भूकम्पले आवासीय घरमा भएको क्षति





## स्वास्थ्यकर्मी र अत्यावश्यक सामग्री लिएर प्रधानमन्त्री भूकम्प प्रभावित क्षेत्रमा

प्रधानमन्त्री पुष्पकमल दाहाल स्वास्थ्यकर्मी र अत्यावश्यक सामग्री लिएर भूकम्प प्रभावित क्षेत्रतर्फ प्रस्थान गरेका छन् । भूकम्प प्रभावितको उद्धार, खोज तथा राहतका लागि प्रधानमन्त्री आफैं नेपाली सेनाको १६ जनाको मेडिकल टिम र आवश्यक सामग्रीसहित प्रभावित क्षेत्रका लागि गएको प्रधानमन्त्री दाहालका प्रेस सल्लाहकार गोविन्द आचार्यले जानकारी दिए ।

# कर्णाली सरकारको आकस्मिक बैठक, राहत र उद्धार तीव्र बनाउने निर्णय

शनिबार बिहान बसेको मन्त्रिपरिषद्को आकस्मिक बैठकले उद्धार तथा राहतका लागि सबै निकायसँग सहकार्य गर्ने तथा सहयोगका लागि आह्वान गर्ने निर्णय गरेको हो।

प्रदेश सरकारसँग उपलब्ध भएको राहत सामग्री तत्काल पठाउने र नपुगेको खरिद गर्ने निर्णय भएको कर्णाली प्रदेश सरकारका प्रवक्ता आन्तरिक मामिला तथा कानुन मन्त्री कृष्णबहादुर जिसीले बताए। उनका अनुसार उद्धारका लागि सबै संयन्त्र परिचालन गर्ने निर्णय भएको छ, आवश्यकता अनुसार बजेट खर्च गरेर शोधभर्ना गर्नेगरि बजेट खर्चसम्बन्धी व्यवस्था मिलाइएको छ। मन्त्री जिसीका अनुसार प्रदेश सरकारले नेपाली सेनासँग समन्वय गरी सुर्खेत एअरवेशमा रहेको हेलिकप्टरमार्फत चिकित्सक पठाउने र बिरामी ल्याउने काम पनि भइरहेको छ।

# हामीलाई तत्काल उद्धारकर्ता र स्वास्थ्यकर्मी आवश्यक छ : नलगाढ नगरप्रमुख रावत

गएरातिको भूकम्पले हाम्रा नलगाढ नगरपालिकामा ठूलो क्षति पुऱ्याएको छ । अहिलेसम्म मैले पाएको सूचना अनुसार, सबैजसो वडाहरुमा घर भत्केकाले घाइतेहरुको उद्धार हुन सकेको छैन ।

हाम्रो नगरपालिकामा मात्रै ३० जनाभन्दा बढीको ज्यान तलमाथि भएको कुरा आएको छ, बिहान उज्यालो नभइ अरु कुरा पुष्टि हुनसक्ने भएन ।नगरपालिकाको उपप्रमुख सरिता सिंह काम विशेषले पल्लो (भेरी नगरपालिका)मा जानुभएको थियो । उहाँ बसेको घर भत्किएकाले दुःखद घटना भएको सुन्नुपरेको छ । उहाँ र साथमा भएका अर्को सहयोगी पनि भत्किएको घरमा परेको कुरा छ ।

हाम्रो नगरपालिकाको १, ३, ५, ६ र ७ नम्बर वडामा बढी क्षति भएको खबर आइरहेको छ । मानिसहरु पहिलो निद्रामा रहेको अवस्थामा भूकम्प आएकाले भाग्न र ज्यान जोगाउन कठिन भयो भनिरहेका छन् ।

केही ठाँउमा पहिरो खसेकाले उद्दारमा जान र घाइतेहरुलाई स्वास्थ्यचौकीमा ल्याउन कठिनाई भइरहेको खवर आएको छ ।

कैयौं ठाँउमा घर भत्किएकाले उद्धार गर्ने बलिया मानिसहरु पाउन कठिनाइ भएको कुरा आएको छ । घटना हुनासाथ प्रहरी र ब्यारेकबाट सेनाको टोली परिचालन भएको छ ।

यहाँका स्वास्थ्य केन्द्र बिरामीले भरिएका छन् । तत्काल भत्किएका घरहरुबाट घाइतेहरुको उद्धार गर्नुपर्ने छ र ढिलाइ भए उनीहरुको ज्यान जोखिममा पर्ने अवस्था छ ।

त्यसैले सक्दो छिटो केन्द्रबाट स्वास्थ्यकर्मीहरु, उपचार सामग्रीसहित उद्धारको टोली आइदिए हुन्थ्यो ।

# भूकम्पको केन्द्रविन्दु बारेकोटका अध्यक्ष भन्छन्: "मानवीय क्षतिको जानकारी छैन, सग्ला घर देख्न मुस्किल छ"

भूकम्पको केन्द्रविन्दु पर्ने बारेकोट गाउँपालिकाका अध्यक्ष वीरबहादुर गिरीले आज बिहान ६ बजेसम्म बारेकोट गाउँपालिकामा मानवीय क्षति भएको विवरण प्राप्त नभएको बताए ।

केही ठाउँमा सञ्चार सम्पर्क विच्छेद भएकाले सूचना संकलन गर्न नसकिएको उनले बताए । गाउँपालिकाको माथिल्लो क्षेत्रमा सञ्चार सम्पर्क हुन नसक्दा त्यहाँको अवस्था बुझ्न भने बाँकी रहेको उनले बताए । 'म मोटरसाइकल जान सक्ने प्राय सबै वडा(वडामा पुगिरहेको छु, कतिपयलाई फोन गरेर वस्तुस्थिति बुझिरहेको छु । तर कतिपय ठाउँ, खासगरी माथिल्लो भेगमा सम्पर्क हुन सकिरहेको छैन ।'

**उनले प्रहरी र स्वास्थ्यकमीहरुलाई रातिदेखि नै खोज, उद्धार, राहत र उपचारमा खटाइएको जानकारी पनि दिए ।**

# भूकम्पमा परेका भूकम्प पिडितको अवस्था






# जाजरकोट भूकम्पले आवासीय घरमा भएको क्षति





# जाजरकोट भूकम्पले आवासीय घरमा भएको क्षति





# जाजरकोट भूकम्पले आवासीय घरमा भएको क्षति





# भूकम्प पछि आधा रात मै बाहिर निस्किएका स्थानीय



# वि.स. १८२५ मा निर्माणभएको हाल जाजरकोट प्रशासन कार्यलय रहेको जाजरकोट दरवारमा गएको भूकम्पले पुर्याएको क्षती




# प्रधानमन्त्री जाजरकोटमा



# जाजरकोट भूकम्पबारे भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको ट्वीट

## नेपालका भूकम्प प्रभावितलाई सहयोग गर्न भारत तयार छ : मोदी



**Narendra Modi** @narendramodi · 1h

Deeply saddened by loss of lives and damage due to the earthquake in Nepal. India stands in solidarity with the people of Nepal and is ready to extend all possible assistance. Our thoughts are with the bereaved families and we wish the injured a quick recovery. @cmprachanda

414 2.1K 13K 354K

# डीपीनेटको भूमिका

- रुकुम र जाजरकोटमा डीपीनेटका सम्पर्क ब्यक्ति जानकारी संकलन गरी परीचालन गरीएको
- आज देखी नै डेली सिचुएसन रिपोर्ट बनाउने योजना
- अध्ययन प्रतीवेदन तयार गर्न डीपीनेट टोली आजै परीचालन

# धन्यवाद् !